# नरैनापुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**नरैनापुर, बाँके, ५ न. प्रदेश नेपाल**


## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०१/०२)**

यस कार्यालयबाट चालु आ.व. ०७४/०७५ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण व्यवसाय ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ ।

1. अद्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७३/०७४ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको दरभाउपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फारम खरीद गर्न सकिनेछ । साथै Electronically दरभाउपत्र पेश गर्न चाहने दरभाउपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट प्रत्येक ठेक्काको लागि अलग अलग दरभाउपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज स्थित (कार्यालय कोड ६२-३६५-२२ मा) सञ्चित खाता न .ग- ४ -१ अर्न्तगत राजस्व खाता न ४१३०३०४०१८१०२ मा जम्मा गरेको भौचरलाई दरभाउपत्र कागजात साथ पेस गर्नु पर्नेछ ।
2. दरभाउपत्र साथ सि नं १ मा उल्लेखित कागजातका अतिरिक्त खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझीएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले कसुर नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
3. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १६ औं दिन २०७५/०१/१७ दिनको १२.०० बजे भित्र यस कार्यालयमा hard copy वा electronically दर्ता गर्न सकिने छ ।
4. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
5. दर्ता भएका दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले १६ औं दिन दिनको १.०० बजे कार्यालयका प्रतिनिधी तथा दरभाउपत्रदाताहरुका रोहवरमा खोलिने छ । दरभाउपत्रदाताको अनुपस्थिती भएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
6. दरभाउपत्र खरिद गर्नें वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिइने छ ।
7. शिलवन्दी दरभाउपत्र फारामसाथ जमानत वापत तोकिएको रकम नेपाल राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको कोड नं. ६२-३६५-२२ धरौटी खाता नं. ४१३०३०३००७१०२ ग ३ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारवाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।
8. दरभाउपत्र आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा दरभाउपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. दरभाउपत्र स्वीकृत भएपछि परफरमेन्स वण्ड वापत दरभाउपत्रदाताले कबोल गरेको अंकको ५% ले हुने रकम यसै सूचनाको बुंदा नं. ६ मा उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अन्तिम अवधि भन्दा कम्तिमा १३ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानीपत्र पेश गर्नु पर्नेछ ।

११. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । दरभाउपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

१२. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४( संशोधन समेत) , स्थानिय सरकार संचालन ऐन २०७४ र प्रचलित कान''न बमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. अन्य कुराहरुको हकमा प्रचलित कनुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस कार्यालयको फोन नं. ९८४८०८३२८५ मा सम्पर्क गर्न सकिनेछ ।

## दरभाउपत्र सम्बन्धि कार्यको विवरण

| ठे.नं. | कामको नाम | ल.ई.रकम (भ्याट बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|
| NRM/ROAD/27/ 074-75 | यादवको घर देखि महतेनिया गाउँको बाटो चौठ्हा गरी माटो पटान तथा ग्राभेल कार्य Chainnage (0 to 500) | १६१३२०९.५० | ४१,००० | १००० | दरभाउपत्र ( १५ दिन ) |
| NRM/ROAD/28/ 074-75 | यादवको घर देखि महतेनिया गाउँको बाटो चौठ्हा गरी माटो पटान तथा ग्राभेल कार्य Chainnage (500 to 1000) | १६३०२०१.५० | ४१,००० | १००० | दरभाउपत्र ( १५ दिन ) |
| NRM/ROAD/29/ 074-75 | रियाजको घर देखि मदन लाल श्रीवास्तवको घर सम्म माटो पटान, ग्राभेल, पी.सि.सि तथा ह्यम पाईप जडान गर्ने कार्य | १२८५५६६.२७ | ३३,००० | १००० | दरभाउपत्र ( १५ दिन ) |
| NRM/ROAD/30/ 074-75 | बनिया गाउँ र महतेनिया पुल देखि बोर्डर सम्म पी.सि.सि गर्ने Chainnage (0+119) | १२८११०१.१२ | ३३,००० | १००० | दरभाउपत्र ( १५ दिन ) |
| NRM/ROAD/31/ 074-75 | बनिया गाउँ र महतेनिया पुल देखि बोर्डर सम्म पी.सि.सि गर्ने Chainnage (119+238) | १२८११०१.१२ | ३३,००० | १००० | दरभाउपत्र ( १५ दिन ) |

..............................

(नि. प्रमुख प्रशासकीय अधिकृत)